# हेटौंडा उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमतीप्रदेश, नेपाल

**मिति २०८०।१२।०२ गते बसेको ४१ औं कार्यपालिका बैठकका निर्णयहरु:**

१) अघिल्लो कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनका सम्बन्धमा समिक्षा गरी प्रगतिको बारेमा जानकारी भयो ।

२) हेटौंडा उपमहानगरपालिकालाई बालमैत्री स्थानीय शासनयुक्त पालिका घोषणा गर्ने क्रममा हालसम्म भएको प्रगतिको जानकारी हुनुका साथै बालबालिकाको लागि पञ्चवर्षीय आवधिक योजना २०८०/८१ देखि २०८४/८५ सम्मको वडा नं. १ र ४ को स्वीकृत गर्ने ।

३) हेटौंडा उपमहानगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को अन्तिम लेखा परीक्षण प्रतिवेदनबाट पेश्की बेरुजुको रुपमा रहेको भुटनदेवी इन्जिनियरिङ्ग क्याम्पसको सम्बन्धन प्राप्त गर्न तथा सञ्चालन गर्न दिइएको रु. ७० लाख उक्त क्याम्पस सञ्चालन हुने भएमा उपलब्ध गराउने गरी स्थानीय सञ्चित कोषमा फिर्ता गर्ने ।

४) हेटौंडा उपमहानगरपालिकाको चालू आर्थिक वर्ष २०८०/०८१ को हालसम्मको प्राप्त आय विवरण जानकारी भयो ।

५) हेटौंडा उपमहानगरपालिका भित्र सञ्चालन हुने तिन पाङ्ग्रे सवारी साधनको व्यवस्थापन गर्न हेटौंडा उपमहानगरपालिका तीन पाङ्ग्रे (अटो, ई-रिक्सा) सवारी साधन सम्बन्धी कार्यविधि, २०८० स्वीकृत गर्ने ।

६) बागमती प्रदेश सरकारको कृषि तथा पशुपन्छी विकास मन्त्रालयको ७०% र हेटौंडा उपमहानगरपालिकाको ३०% संयुक्त लगानीमा निर्माणाधिन प्रादेशिक कृषि थोक बजारको निर्माणको क्रममा भएको Price Adjustment को हेटौंडा उपमहानगरपालिकाले व्यहोर्ने रकम भूक्तानी गर्ने ।

७) खरको छानामुक्त बागमती प्रदेश कार्यक्रम सञ्चालन कार्यविधि, २०८० को दफा ६(१) बमोजिमको प्राविधिक समितिले हेटौंडा उपमहानगरपालिकाको वडा नं. ९, १४, १६, १७ र १९ नं. वडा कार्यालयहरुबाट प्राप्त लाभग्राहीहरुको सम्बन्धमा कार्यविधिको दफा ६(१) बमोजिम प्राविधिक समितको मिति २०८० फाल्गुण २२ को निर्णयानुसार छनौट गरिएका लाभग्राहीहरुका सूची शहरी विकास तथा भवन कार्यालय हेटौंडालाई सिफारिस गर्ने र सो को सम्झौता प्रत्यायोजित अधिकार बमोजिम वडा कार्यालयहरुबाट नै गर्ने ।

८) हेटौंडा उपमहानगरपालिकाको चालू आर्थिक वर्ष २०८०/०८१ को संशोधित कार्यक्रमको पूर्वाधार विकास कार्यक्रम तर्फ मदनको घर देखि लक्ष्मीको घरसम्म बाटो स्तरोन्नती कार्यको लागि रु.५,००,०००।००, कमरेपानी जाने बाटो स्तरोन्नती हेटौंडाको लागि रु.३,००,०००।०० र रिटेनिङ्ग वाल निर्माण लेवट चोकबाट उत्तर तर्फ जाने बाटो आयोजनाको लागि रु.१०,००,०००।०० विनियोजन भएको र उक्त योजनाहरुको कार्यान्वयन गर्न वडा कार्यालयहरुबाट वडा किटान गरिदिनु हुन अनुरोध भई आएकोले मिति २०८०।११।१७ को नगर प्रमुखस्तरीय निर्णयानुसार उल्लेखित योजनाहरुको कार्यान्वयन गर्ने वडा क्रमशः वडा नं.१३,१३ र ३ कायम गर्ने निर्णय अनुमोदन गर्ने ।

सचिन न्यौपाने
(प्रवक्ता)

९) हेटौंडा उपमहानगरपालिकाको भिजन सेटिङ्ग कार्यशाला गोष्ठी मोटल एभोकाडोमा आयोजना गरिएकोमा रु.१,८८,२००।०० जम्मा खर्च भएकोले हेटौंडा उपमहानगरपालिका कार्य सञ्चालन निर्देशिका, २०८० को दफा २७ को उपदफा (२) बमोजिम उक्त खर्च स्वीकृत गर्ने ।

१०) हेटौंडा उपमहानगरपालिका वडा नं. ११ मा अटो भिलेज स्थापना गर्ने लागिएकोमा उक्त अटो भिलेज सम्म जाने बाटो मर्मत तथा निर्माणको लागि यस उपमहानगरपालिकाबाट चालू आर्थिक वर्षमा विनियोजित भएको रकम रु.५० लाखबाट बाटो मर्मत तथा निर्माणको कार्य अगाडि बढाउने ।

११) हेटौंडा उपमहानगरपालिकाको नीति अनुरुप आर्थिक रुमा विपन्न सम्बन्धित वडा कार्यालयबाट सिफारिस भई स्वस्थ्य बिमा सम्बन्धी कार्यविधि, २०७६ बमोजिम सामाजिक विकास महाशाखा अन्तर्गतको जनस्वास्थ्य शाखाबाट पेश भएको नामावली स्वीकृत गर्ने ।

१२) सामाजिक विकास महाशाखाबाट पेश भएको हेटौंडा उपमहानगरपालिकाको एच.आई.भि. सङ्क्रमित सहयोग सम्बन्धी मापदण्ड, २०७८ को पहिलो संशोधन, २०८० स्वीकृत गर्ने ।

१३) बागमती प्रदेश सरकार, उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयले प्रदेश स्तरीय गुणस्तर परीक्षण प्रयोगशाला स्थापना लगायतका कार्यका लागि जग्गा माग भई आएको सन्दर्भमा सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ को दफा (४) बमोजिमको प्रकृयाको लागि हेटौंडा उपमहानगरपालिका वड नं. ८ स्थित नगर विकासको जग्गा उपलब्ध गराउन सम्बन्धित निकायमा सिफारिस गर्ने ।

१४) प्रदेश लोक सेवा आयोग, बागमती प्रदेशबाट यस हेटौंडा उपमहानगरपालिकामा स्थानीय सेवा तर्फ, अधिकृतस्तर सातौं तह (प्राविधिक), कृषि सेवा, एगृ.इको.एण्ड मार्के/कृषि प्रसार/बाली विकास/बाली संरक्षण/बागवानी/माटो विज्ञान समूह, कृषि अधिकृत सातौंको लागि सिफारिस भई आउनु भएका अर्जेवा-५, बाग्लुङ्ग निवासी प्रदिप रेग्मीलाई स्थायी नियुक्ति गरि पदस्थापन गर्ने ।

१५) हेटौंडा उपमहानगरपालिका नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कानून निर्माण गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने ।

१६) हेटौंडा उपमहानगरपालिका वडा नं. ११ वडाको सार्वजनिक बाटोमा सडक निर्माण गर्नको लागि खोल्सीलाई खोल्सी कायम गरी बाटो निर्माण प्रकृया अगाडि बढाउने ।

सविन न्यौपाने
प्रवक्ता
हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिका

मिति २०८०/१२/०४